नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

फोन नं. :०७८४०-२०१
Email: cdosecratarynawalpur@gmail.com

मिति : २०७९।११।२२

## फागु पूर्णिमाका अवसरमा प्रमुख जिल्ला अधिकारीको अनुरोध

सांस्कृतिक पर्वका रुपमा रंग, अविरले मनाईने फागु पूर्णिमा (होली पर्व) नेपालमा मनाइने विभिन्न चाडपर्व मध्ये एक महान पर्व हो । मर्यादित तवरमा आपसी सदभाव र सौहार्दता बृद्धि गर्न मद्दत गरोस यस रंगको पर्वोत्सवमा सम्पूर्ण जिल्लाबासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पर्व मनाउदा एक अर्काको इच्छा विपरित होलीको बहानामा जबरजस्ती रंग दल्ने, हानिकारक प्रकारका रङ्गिन बस्तु दल्ने, प्लाष्टिक जन्य लोला हान्ने, बाटो ढुकेर अपरिचित वा बटुवालाई रंग लगाउने, फोहर छयाप्ने तथा बाटोमा हिड्ने जो कोही व्यक्तिहरुलाई अनावश्यक दु:ख हैरानी दिने, बाटो अवरोध गरी सवारी साधनबाट रकम असुल्ने, मादकपदार्थ सेवन गरी सार्वजनिक शान्ति व्यवस्थामा असर पुऱ्याउने जस्ता कार्य प्रचलित कानूनको विपरित भएको जानकारी गराउदै, कोही कसैले कसैको इच्छा विपरित एवम् स्वीकृति वेगर उल्लेखित कार्य नगर्नुहुन र वातावरण तथा जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने रङ्गित बस्तुहरु, केमिकल, प्लाष्टिकजन्य लोला आदि आयात र विक्री वितरण समेत नगर्नु नगराउनु हुन अनुरोध छ । कोही कसैबाट त्यस्तो कार्य भए गरेमा प्रचलित कानून बमोजिम कडा कारवाही भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७९।११।२२

(कृष्णप्रसाद लम्साल)
**प्रमुख जिल्ला अधिकारी**